# नार्पाभूमि गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## च्याँखु, मनाङ
## गण्डकी प्रदेश, नेपाल

नार्पा भूमि गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय च्याँखु, मनाङ गण्डकी प्रदेश, नेपाल २०७३

**सुरक्षित नागरिक आवास कार्यक्रममा सहभागी हुन चाहाने लाभग्राहीहरुले निवेदन पेश गर्ने बारेको सूचना**

*प्रथम पटक प्रकाशित मिति २०७७।०८।१३*

प्रस्तुत विषयमा नेपालको संविधान प्रदत्त नागरीकको मौकिल हक अर्न्तगत आवासको अधिकार सम्वन्धि ऐन, २०७५ बमोजिम उपयुक्त सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबिको रेखामुनि रहेका, प्रकोपका कारण घरबार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामग्री खरिदको लागि र गरिबीको रेखामुनि रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्यउने सुरक्षित नागरीक आवास कार्यक्रमको उदेश्य बमोजिम यस नार्पा भूमि गाउँपालिका क्षेत्रभित्रका घरपरिवारलाई सुरक्षित नागरिक आवास कार्यविधि, २०७५ (पहिलो संशोधन) को अधिनमा रहि सुरक्षित नागरिक आवास कार्यक्रममा सहभागी हुन चाहाने इच्छुक घरपरिवारबाट सम्वन्धित वडा समितिको कार्यालयमा घरमुलिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपि, मालपोत/सम्पति कर तिरेको रसिद, प्रकोपका कारण घरवारविहिन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित जिल्ला प्रशासन कार्यालयको सिफारिस संलग्न राखि प्रथम प्रटक सूचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र निवेदन पेश गर्नुहुन कार्यविधिको बुदा नं. ११ (ख) बमोजिमको सुचना प्रकाशन गरिएको व्यहोरा जाकारी गराईन्छ। साथै, ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अर्न्तगत लाभग्राहीको रुपमा समावेश गरिने छैन ।

**प्रमुख प्रशासकीय अधिकृत**